Received Date: April 2022 Revised: May 2022 Accepted: June 2022

# जनजागरणका अग्रदूत काशीबाबु

**जगतप्रसाद पराजुली**
इतिहास तथा बौद्ध अध्ययन विभाग
पा.सं.क्या.,त्रि.वि.,पाटनढोका, ललितपुर ।
Email: jagatparajuli792015@gmail.com

**लेखसार**

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिमा बौद्धिक, प्राज्ञिक, संघर्षशील तथा इमान्दार छविका कारण लोकप्रिय राजनेताका रूपमा प्रसिद्धि कमाएका राजनीतिज्ञ 'काशीबाबु' प्रबल, सबल र अब्बल अभियन्ता मात्र थिएनन् । जनजागृति अभियानका अभूतपूर्व अग्रदूत पनि थिए । भारतीय स्वतन्त्रता संग्राम होस् या नेपालको प्रजातान्त्रिक आन्दोलन होस्, मजदुर–किसान अर्थात् समग्र श्रमिक वर्गको संगठित उत्थान होस् या सम्पूर्ण भूईँ तहका जनताको स्तरोन्नतिको सवाल होस्, सबैको हित, कल्याण, संरक्षण, आर्थिक आजीविका, स्वतन्त्रता प्राप्ति, समतामूलक उन्नति, प्रजातान्त्रिक अधिकारको रक्षा, कानुनी राज्यको स्थापनाजस्ता सारगर्भित मुद्धाहरू उठाएर जनतालाई गोलबन्द गरी जनजागरण अभियानका माध्यमबाट मुलुकलाई निरंकुशतावादका सबैखाले जंजीरहरू तोड्न काशीप्रसाद श्रीवास्तवले खेलेको भूमिका, पुऱ्याएको योगदान र जीवनसंघर्षका अनुभवले नेपालको राजनीतिमा युगान्तकारी परिवर्तन ल्याउन अग्रदूतको अग्रसरता उत्पन्न गऱ्यो । अधिनायकवाद, पारिवारिक–जहानीयाँ शासन र प्रतिकृयावादी विभेदकारी शासन प्रणालीको पतन गराई मुलुक र जनतालाई सार्वभौम तुल्याउन काशीबाबुले पुऱ्याएको संघर्षशील जागरण अभियानको यथार्थता उद्बोधन गर्ने शिलसिलामा यो आलेख केन्द्रिकृत रहेको छ ।

**शब्दकुञ्जिका** समतामूलक उन्नति, नृशंषपूर्ण, जातपतिया, अमोघ, धिरोदात्त, युगान्तकारी परिवर्तन र जनजागरणका अग्रदूत ।

**उद्देश्य**

यस आलेखको दूरगामी परिणाम, दूरदर्शितायुक्त प्रयोजनीयता, प्रभावोत्पादकता तथा हक, अधिकारको रक्षार्थ सबै वर्ग, तह र तप्काका नागरिकहरूलाई सजग, सचेत र सावधानीपूर्वक सुशासनका निमित्त निरन्तर जागृत भइरहन उत्प्रेरित गर्नु प्रमुख ध्येय रहेको छ । सम्पूर्णतामा प्रजातन्त्र प्राप्तिका सवालहरूमा उठान हुनसक्ने शृङ्खलावद्ध चरणहरूमा जागरण अभियानले जनतालाई एकाकार गराउँदै सुदृढ रूपमा संगठित तुल्याउने महान लक्ष्यलाई सर्वोपरिताका साथ आत्मसात गर्नु, ग्रहण गर्नु र मन, वचन एवं कर्मले स्वीकृति जाहेर गर्नु यसको अन्तरनिहित उद्देश्य हो । राष्ट्रिय स्वाधिनता, स्वतन्त्रता, समानता, सार्वभौमिकता, प्रजातन्त्र, मानवअधिकार, मौलिक हक, कानुनी राज्य, सुशासन र जनताको सार्वभौमिकताको संरक्षणमा प्रत्येक पिँढीलाई सजग, सचेत, सावधान तुल्याउँदै अन्तरमनबाट मुलुक र जनताको वृहत्तर हितमा सक्रियतापूर्वक गोलबन्द हुन जागृत तुल्याउनु यस लेखको मुख्य उद्देश्य हो । अघिल्लो पुस्ताले पु¥याएको योगदान र गहन भूमिकाहरू प्रत्येक पुस्तालाई पुस्तान्तरण गर्दै राष्ट्रिय सम्वेदनशीलता बढोत्तरी गराउनु पनि यसको दूरगामी लक्ष्य पनि हो ।

**अनुसन्धान विधि**

मूलतः प्रत्येक अन्वेषणात्मक कृयाकलापहरू ओजपूर्ण, सारगर्भित, उपयोगी र विधिसम्मत चरणहरूको सदूपयोगद्वारा निष्कर्षण उपलब्ध गराउने दूरदर्शितापूर्ण कदम हो । उठान गरेको विषय एवं शीर्षकका मुलभूत समस्यामा केन्द्रिकृत भएर

शोधविधिका वहुपक्षीय आयामहरूलाई आत्मसात गरी बहुकोणीय चिन्तनद्वारा उद्देश्यमूलक खोजीनीति गरी यथार्थता उद्बोधन गर्नु अनुसन्धानको प्रयोजनीय पक्ष हो । शोधविधि–प्रणालीका अनेक शाखा–प्रशाखाहरू हुन्छन् । अनेक सैद्धान्तिक चरण, तह, शृङ्खला र प्रकृयाहरू पनि हुन्छन् (स्टर्न, १९८१ : १८९) । सूचनाका स्रोतहरूलाई सूक्ष्मातिसूक्ष्म तवरबाट पर्गेल्ने, ग्रहण गर्ने, विश्लेषण गर्ने, परिशोधन गर्ने, सत्यान्वेषण गर्ने र विश्वासिला, भरपर्दा, वास्तविक तथ्यहरूलाई प्रामाणिक रूपमा प्रत्यक्षीकरण गर्नु अनुसन्धानको वहुआयामिक प्रयोजन हो । मौलिक, प्राथमिक तथा सहायक स्रोतहरूको विश्लेषणात्मक यथार्थता उद्घाटन गरेर रचनाहरूलाई प्रामाणिक रूपमा प्रकाशनयोग्य तुल्याउनु प्राज्ञिक लेखनको मुख्य अभिप्राय हो

(पराजुली, २०७८ : १७६) । त्यसैले समस्याको कथनदेखि अनुसन्धानका प्रश्नहरूको जवाफ खोज्दै उद्देश्यमूलक ढंगले सामग्री संकलन, तालिकीकरण, सत्यान्वेशिता, प्रामाणिकता र निष्कर्षण प्रस्तुतीकरणपश्चात् आलेखले सार्वजनिकीकरण हुने अवसर प्राप्त गर्दछ ।

प्रस्तुत आलेख गुणात्मकताको विशिष्टताको जगमा उभिएर ऐतिहासिक अन्वेषणात्मक पद्धतिमा आधारित रहेर मौलिक एवं प्राथमिक गुणवत्तापूर्ण सूचना तथा पुस्तकालयीय स्रोतहरूका आधारमा तयार गरिएको छ । यसका स्रोतव्यक्तिहरू कुनै न कुनै रूपमा नेपालको प्रजातान्त्रिक आन्दोलनका प्रत्यक्षदर्शी, अभियन्ता, संगठक, लेखक, समीक्षक, अन्वेषक, राजनीतिज्ञ, इतिहासकार, दर्शनशास्त्री एवं अन्वेषकका रूपमा ख्याति कमाएका व्यक्तिहरू हुनुहुन्छ (पराजुली, २०७८ : ५१) । त्यस्ता व्यक्तिहरूसँग साक्षात्कार गरी गहन अन्तर्वार्ता तथा सम्वादद्वारा प्राप्त तथ्यपूर्ण सूचनाहरूलाई परीक्षण–पुनःपरीक्षणसमेत गरी यथार्थपूर्ण तथ्याङ्कहरूमात्र यस रचनामा समाविष्ट गरिएको छ । प्राथमिक तथा द्वितीयक स्रोतहरूलाई बहुत हिफाजतका साथ पर्गेलेर पुष्टिकरण गर्ने प्रयास भएको छ । समग्रमा आलेखलाई विश्वसनीय, भरपर्दो, वास्तविक र प्रमाणयुक्त तुल्याउने सन्दर्भमा सत्यान्वेषणका भरपर्दा चरणहरूको उपयोग गरिएको छ । जुन–जुन सूचनाका स्रोतहरू परिचालित भएका छन्, तिनीहरूलाई विधिसम्मत ढंगले सन्दर्भ स्रोतका रूपमा प्राथमिकता प्रदान गर्दै कृतज्ञता ज्ञापनका साथ सूचीबद्ध पनि गरिएको छ ।

परापूर्वकालदेखि हाम्रो मुलुक स्वतन्त्र, स्वाधिन तथा सार्वभौम राष्ट्रको रूपमा चरितार्थ भएको पाइन्छ । प्रत्येक ऐतिहासिक कालखण्डमा शासक वंश, शासकीय प्रणाली, प्रशासनिक संरचनामा फेरबदल उत्पन्न भएको देखिन्छ । त्यस्तो परिवर्तनगामी अभियानमा मुलुकका जनता, अभियन्ता, संघसंस्था, संगठन, वैचारिक दलहरूले समेत साहसिक योगदान पु¥याएका छन् (पराजुली, २०७८ : ६५) । त्यसै क्रममा नेपालमा प्रजातन्त्रको वहालीका निमित्त अग्रदूतको भूमिका निर्वाह गर्ने काशीप्रसाद श्रीवास्वको योगदानलाई भावि पिँढीसमक्ष अविष्मरणीय गराउने ध्येयले यो लेख तयार गरिएको छ ।

**आलेखको महत्त्व**

प्रत्येक अनुसन्धानमूलक रचनाहरूको उपादेयता, प्रयोजनीयता, प्रभावशालिता एवं दूरगामी परिणामहरू प्रक्षेपण गर्ने सन्देशमूलक उद्देश्य, लक्ष्य र तात्पर्य रहेकै हुन्छ । यिनै विशिष्ट गुणहरूले गर्दा प्राज्ञिक लेख रचनाहरूले मुलुक र मुलुकवासी लगायत सम्बन्धित सरोकारवाला पक्षहरूलाई प्रत्यक्षीकरण गराइरहेको हुन्छ । अनुसन्धान आफैmमा अमोघ साधन र विधिसम्मत वास्तविकता उद्घाटन गर्ने शक्तिशाली कुन्जी पनि हो । अन्वेषणको जगमा उभिएका राष्ट्रहरूले प्रत्येक क्षेत्रमा तरकी गरेर मुलुकलाई शक्तिशाली एवं समृद्धशाली तुल्याइरहेको यथार्थता कसैका सामु छिपेको छैन । देश र जनताका लागि विकासको गति समात्न, जनतालाई सुख, शान्ति, अमन–चयन, समृद्धि र सार्वभौम तुल्याउँदै देश–विदेशमा आफ्mनो प्रभाव विस्तार गर्न खोजमूलक अभियानले राम्ररी सघाएको सन्दर्भ घामजत्तिकै छर्लङ्ग छ (पोखरेल, २०७८ : १३३) ।

मुलुकको समृद्धि र जनताको सर्वाङ्गीण विकासमा सुदृढ राजनैतिक प्रणाली अन्तर्गतको मजबुत प्रशासनिक संरचनागत वनावटले प्रभावकारी योगदान पु¥याउँछ । हाम्रो देशको प्रत्येक ऐतिहासिक युगधारामा उद्धार तथा अनुदार शासन प्रणालीहरू अख्तियार भए । स्वर्णयुगको प्रणेता बनेका शासक र शासकीय प्रणालीहरू पनि मुलुक र मुलुकवासीको कल्याणकारितामा सक्रिय भएका थिए । धर्म, संस्कृति, इतिहास, पर्यटनको संरक्षण, विकास, प्रवद्र्धनमा प्रतिवद्ध, कटिवद्ध भएको इतिहास साक्षी छ । अद्वितीय, अनुपम उदाहरण बनेका संचालकहरू समेत स्वर्णवर्णित छन् (सिंह, २०६६ : २१३) । टुक्रे

राज्यका रूपमा खण्डीकरण भएका संघहरूमा एकसूत्रमा आवद्ध गर्ने निर्भिक एवं साहसी शासकको समेत मुलुकको स्वश्रीवृद्धि गर्न भूमिका खेले ।

मुलुकमा राणाकाल धेरै सवालमा अनुदार नै रहेको निष्कर्ष निस्कन्छ । जल, जमिन, जंगल तथा जनशक्तिको समतामूलक परिचालन, संरक्षण तथा सम्वद्र्धन हुन नसक्दा सबै समसामयिक पक्षमाथि दूरगामी नकारात्मक प्रभाव प¥यो । राजनैतिक प्रणाली केन्द्रिकृत, निरंकुश, अधिनायक, पारिवारिक, जहानीयाँ र प्रतिकृयात्मक भइदिनाले जनताले समसामयिक अवस्थामा परिवर्तनको आभाष पाउन सकेनन् । जनतामाथिको शोषण, दमन र राज्यढुकुटीको निजी प्रयोजनले जनतालाई सधैँ पिरोलिरह्यो (सिंह, २०४० : ७९) । सबै पक्षहरू ऋणात्मक अवस्थामा रहेको कारण जनताले मुलुकको मुहार फेर्न अन्तर्राष्ट्रियवादको प्रभावकारी परिवर्तनगामी गतिलाई निर्भिकतापूर्ण तवरबाट अंगिकार गरे । विश्वमा सनसनीखोजपूर्ण भई नेपालको भूराजनीतिमा प्रवेश भएको परिवर्तनगामी सचेतना, जागरण, देशभक्तिभाव, समाज रूपान्तरण, प्रजातन्त्र वहाली, सार्वभौमिकताको रक्षा, सुशासन, वैधानिकताजस्ता दर्जनौ संवेदनशील विषयमा आवाज बुलन्द हुनथाल्यो (पंगेनी, २०५६ : ३१५) । जनताका बहुआयामिक कल्याणकारिताका सवालहरू जागृतिको पृष्ठभूमिबाट उदीयमान भए । विदेशको भूमिमा स्थापित जनप्रिय पद्धतिहरू आफनो मुलुकमा पनि स्थापना गरेर सर्वपक्षीय उन्नति, विकास र प्रगतिका तत्कालीन जनतालाई गोलबद्ध गर्न, कार्यकुशल अभियन्ताहरू ज्यानको बाजी लगाएर अभिमुखीकरणमा दत्तचित्त भए । तिनीहरूमा काशीबाबु नेतृत्वपंक्तिमा अग्रदूतकै भूमिकामा थिए ।

यही सन्दर्भलाई दुरुस्त पुस्तान्तरण गर्दै प्रत्येक ऐतिहासिक परिवर्तनका सम्वाहकको भूमिकामा रहेका शीर्ष नेतृत्वले खोजेको साहसिक भूमिका, पु¥याएको विशिष्ट योगदान तथा जीवन संघर्षका अनुभवहरूलाई जस्ताकोतस्तै प्रस्तुतीकरण गरी प्रत्येक पीँढीलाई सजग भएर युगान्तकारी परिवर्तन र फलदायी फेरबदलका निमित्त कटिबद्ध भइरहन, प्रतिवद्ध रहिरहन, क्रियाशील बनिरहन र सदैव जागृत अवस्थामा सजग बनिरहन अभिप्रेरित बनाउनु यस लेखको दूरगामी महत्व रहने सन्दर्भमा विश्वस्त रहन सकिन्छ । परिवर्तनका स्वाद जनजनमा पु¥याई अझ राम्रा र सुदिनहरू जनताको घरदैलोमा पु¥याउन पुस्तापुस्ताले इमान्दार अभ्यास गर्दै मुलुकको मुहार उज्यालो पार्न कुनै कसर बाँकी नराख्नु भन्ने सदासयता पनि यस रचनाको अन्तरनिहित आवाज हो ।

शोधमूलक प्रस्तुत आलेखको शीर्षक समस्या, अनुसन्धानका प्रश्नहरू, उद्देश्यहरू, समयसीमा, विगतका अपूर्ण पक्षहरू, प्रयोजनीयता, तथ्याङ्कीय प्रक्षेपण र प्रामाणिकता, उपयोगिता तथा दूरगामी महत्वजस्ता सवालहरूमा उठेका तर्कसंगत एवं युक्तिसंगत प्रसंगहरू (वाल्स, १९६७ : १९१) संक्षेपीकरणमा नै भए पनि माथि प्रकाश पार्ने प्रयास गरिएको छ ।

सामान्य परिचय

समान्यतयाः इतिहास विगतको घटनासँग प्रत्यक्षीकरण गराउने र घटनाको हुबहु पुनर्ताजगी गराउने दर्शनशास्त्र हो । यद्यपि इतिहासलाई यसरीमात्र संकुचनमा पारेर साँघुरो घेराबाट मूल्यांकन गर्न सकिन्न । विगतको आधारशीलाबाट वर्तमानमा दह्रोसँग खुट्टा टेकाउने र वर्तमानको आधारशीलाबाट भविष्यको सुन्दर यात्रा तय गराउने गहन र अब्बल शास्त्र हो इतिहास । त्यसैले यसलाई कालक्रमिक र त्रिकालदर्शी शास्त्र मानिएको हो । अर्कोतिर इतिहासले स्पर्श नगरेको कुनै विधा, शास्त्र, विषय र क्षेत्र नै छैन (पराजुली, २०७८ : ३६) । सबैको सान्निध्य, सन्निकट, अन्योन्याश्रित र परिपूरक बनेर राष्ट्रको मुहार जस्ताको त्यस्तै देखाउने ‘ऐना’ रूपी, परिचयात्मक प्रसिद्धिको आलोकभित्र उक्त विषयको प्रभावकारिता मापन गर्न सकिन्छ (गौतम, २०७८ : ७६) ।

नेपाल स्वतन्त्र, सार्वभौम राष्ट्र हो । भूगोलमा सानो, शक्तिमा निम्छरो र समृद्धिमा विकासशील राष्ट्रमा पर्दछ । यसो भन्दैगर्दा स्वाभिमान र राष्ट्रियतामा नेपाललाई कमजोर आँक्न सकिन्न । राष्ट्रको रक्षार्थ समर्पित पूर्खाहरू, योद्धाहरू, राजनेताहरू, संघसंस्था, समुदाय, वर्ग, तह र तप्काका जनताहरूको राष्ट्रनिर्माणमा अभूतपूर्व योगदान रहेको छ (चटर्जी, १९८० : १२९) । शहीदहरूको जीवन उत्सर्गबाट ठाडो शीरका साथ उभिएको देश हो यो । युगान्तकारी परिवर्तनका संवाहकहरूले जीवन अर्पेर

बनाएको मुलुक हो यो (गुप्ता, १९९३ : ९७) । राष्ट्रको सर्वतोमुखी विकासमा जीवनभर संघर्ष गरेको कर्मठ जनताबाट रक्षित मुलुकभित्र आइपरेका सबैखाले विघ्नवाधा विरुद्ध खरो उत्रिएर संरक्षण गरिएको (सिंह, २०६६ : ९१) यो देशमा शहीद, घाइते अंगभंग भएका, हराएका, ओझेलमा परेका, पारेका र इतिहासको पानामा नअटाएका समर्पित देशभक्तहरूको संघर्षको गाथाबाट रक्षित हो यो देश ।

**राणाकालीन निरंकुशता**

कोतपर्वको घटनाले नेपालको राजनैतिक इतिहासमा राणाकालीन शासन व्यवस्थाको सुरुवात गर्‍यो । जंगबहादुर राणाले तत्कालीन अस्थिर राजनीतिको फाइदा उठाएर आप्mना विश्वासपात्र भाइभारदारहरूको सहयोगमा प्रधानमन्त्री र कमाण्डर इन चिफको पद प्राप्त गरे । समयको गतिसँगै शक्ति, मान, सम्मान र सम्बृद्धि प्राप्त गर्दै गए । उनले भाइ छोरा, भतिजाहरूमा सत्ताको नेतृत्व तहगत रूपमा स्थानान्तरण हुँदै जाने परिपाटी बसाए । निरंकुशताभित्र अधिनायकवाद र पारिवारिक शासन चल्न थाल्यो । आपसी झगडाको बीउ पनि रोपियो । राजाका सम्पूर्ण अधिकार श्री ३ मा निहित हुने कानुनी बन्देजहरू निस्रित भए (प्रधान, २०४७ : ६१) ।

भर्ना, पदन्नोति, वर्खास्तगी, पजनी, दौडाहा प्रथा, हुकुमी कानुनजस्ता अस्वभाविक र प्रकृयावादी चरणहरूको मुलुक निरंकुशता र सर्वसत्तावादतर्फ केन्द्रिकृत भयो । जनताका हक, अधिकार, स्वतन्त्रता लगायत देशमा सुशासनको प्रत्याभूति हुन छोड्यो (अधिकारी, १९९७ : २१३) । दल, संघ, संस्था, संगठन आदि खोल्न नपाइने कानुनहरू तर्जुमा भए । पुस्तकालय खोल्दा, पुस्तक लेख्दा, धार्मिक सभा गर्दा, चर्खा उद्योग खोल्दा पनि निर्ममतापूर्ण बर्बर सजाय भोग्नु पर्दथ्यो । यस्तो भयानक अधिनायकतन्त्र भित्रबाट पनि साहसी युवाहरूले राणातन्त्रको जमेर विरोध गरे । संस्थागत रूपमा राणाविरोधी आवाजहरू बुलन्द गर्न थाले (अधिकारी (शास्त्री), २०५८ : २७१) । अनेक अभियानहरू संचालित भएर जनजागरणका उपलब्धिमूलक कृयाकलापहरू तीव्र गतिमा अगाडि बढे । यस्ता अभियानहरूमा अग्रणी भूमिका खेल्ने नौजवान, निर्भिक र कर्मठ जवानहरूलाई अनेक अभियोगमा थुन्ने, मार्ने, सर्वश्वहरण गर्ने, आजीवन कारावासको सजाय दिने, अंगभंग गर्ने, आर्थिक दण्ड दिने र ज्यान लिनेसम्मका सजायँ एवं प्रताडना दिने गरियो (जोशी, २०४८ : ६४) । यही बर्बरता बीचबाट तत्कालीन युवाहरूले जनजागरण अभियान संगठित गरे । यस्ता अभियानहरूमा वि.पी. कोइराला, कृष्णप्रसाद भट्टराई, सुवर्णशमसेर राणा, गणेशमान सिंह, काशीप्रसाद श्रीवास्तवलगायतका थुप्रै नौजवानहरू संस्थागत रूपमा भित्रभित्रै गतिविधिहरू संचालन गरिरहेका थिए । यसैको बदौलत प्रजातन्त्र प्राप्तिको सवालमा राष्ट्रिय जागरण तीब्र वेगमा अगाडि बढ्यो (देवकोटा, २०१६ : ३७२) ।

हिन्दी साहित्याचार्य, अंग्रेजी, उर्दू, नेपाली, भोजपूरी, अवधी भाषा साहित्यका विशारद काशीप्रसाद श्रीवास्तवले नेपाली जनतालाई सामूहिक रूपमा आफ्ना अधिकार र स्वतन्त्रताको रक्षार्थ निर्भयताका साथ विद्रोहमा सरिक हुन जागृत गराए (श्रीवास्तव, १९५६ : १३३) । अन्तर्राष्ट्रिय क्षेत्रमा देखापरेको प्रजातान्त्रिक अधिकारको स्थापनार्थ संचालित गतिविधि र परिवार्तनका लहरहरू, राणाहरूको जहानीयाँ कुरूप शासन व्यवस्था, जनताको चाहना र आकांक्षा, राष्ट्रियता, प्रजातन्त्र, समाजवादको सैद्धान्तिक वहस, देशभक्ति भाव, वैधानिकता, सार्वभौमिकताका सवालमा मुद्रित सामग्रीहरू देश–देशान्तरसम्म पु¥याएर जनतालाई सजग र चनाखो हुन जागृत गर्न थालियो (सिंह, २०४० : ७९) । पहाड, हिमाल, तराइका अनेक स्थानहरूमा सबै तहका जनतामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जागरणका पर्चा, पम्प्लेट, लेख, रचना, पत्रपत्रिका, आवरणहरू, कुना–कन्दरामा पु¥याएर जनतालाई क्रमिक रूपमा गोलबन्द गराउँदै लगियो ।

**जनजागरणमा अन्तर्राष्ट्रिय प्रभाव**

राणाकालमा मुलुकभित्र स्वतन्त्रता, समानता, प्रजातन्त्र, मौलिक हक, कानुनी राज्यको खुलेर वहस गर्न पाइदैनथ्यो । केही युवाहरूले राणाहरूको हुकुमी शासनका विरुद्धमा संगठित एवं गोप्य अभियान संचालन गर्दा कठोर दण्ड पाइरहेका थिए । नागरिक अधिकार समिति, प्रचण्ड गो◌ारखा, चर्खा पर्व, पुस्कालय काण्ड, मकै पर्व, जयतुसंस्कृतम्, प्रजापरिषद, धर्मप्रचारिणी सभा, स्वदेशी सामान उपयोग, विद्यालय स्थापना जस्ता जागरणमूलक कार्यहरू गर्दा कठोर सजाय दिएका अनेक दृष्टान्तहरू थिए

(गौतम, २०७४ : ८६) । मानिसलाई अनेक किसिमका अभियोग लगाउन र मनोनुकूल फैसला सुनाउन कुनै रोकटोक थिएन । यस्तो स्थितिमा अनेक युवाहरूको हत्या, धरपकड, अपहरण, सम्पत्ति कब्जा, आजीवन पीडादायी र सकसपूर्ण जेलबन्दी, आर्थिक दण्ड, निर्वासन, सपरिवार सजायको भागिदार, जातपतित लगायतका नृशंषपूर्ण व्यवहारका कारण कतिपय युवाशक्ति भारतर्पm पलायन हुन्थे (चटर्जी, १९८० : १७३) । यसरी प्रवासिएका युवाशक्तिहरूलाई भारतका विभिन्न स्थानीय इलाकामा सेल्टर बनाई दिल्लीबाट रसदपानी ल्याएर उनीहरूको जीवनचर्या संचालन गर्दै भारत तथा नेपालको तत्कालीन शासकीय दुर्गुणहरू विरुद्ध संगठित गर्ने काममा काशीबाबुको अग्रदूतको भूमिका थियो (श्रीवास्तव, १९५६ : १३७) । उनी स्वयम् प्रवासिएका व्यक्ति थिए । नेपालमा उनको स्वामित्वमा रहेका जग्गाजमिनहरू सरकारबाट अतिक्रमित थिए । कब्जामा भएका जमिनको अनाज परिवारको प्रयोगमा आउन पाउँदैनथ्यो । नेपाल सरहदभित्र पस्ने वित्तिकै पक्राउ पर्ने जोखिम थियो (श्रीवास्तव, १९८६ : २११) । त्यसैले उनी सपरिवार रूपन्देही, पैसिया, लुम्बिनी क्षेत्रबाट भारतको गोरखपुरको कुडाघाट वविना परिसर, रविदास मन्दिरनिकट र गोरखनाथ मन्दिरको आसपासका ग्रामीण बस्तीहरूमा बडा सकसपूर्ण जीवन निर्वाह गरिरहेका थिए ।

काशीबाबु हुनेखाने परिवारकै व्यक्ति भएको हुनाले समयानुकूल शिक्षादीक्षा प्राप्त गरेका व्यक्ति थिए । कृष्णप्रसाद भट्टराई उनका सहपाठी थिए । वनारस हिन्दु विश्वविद्यालयबाट उनले स्नातकोत्तर उत्तीर्ण गरिसकेका थिए । हिन्दी, उर्दू, अंग्रेजी, भोजपुरी, अवधी लगायतका भाषाहरूमा धाराप्रवाह प्रवचन दिन सक्थे (पराजुली, २०७८ : ६९) । नेपालबाट प्रवासिएका समकालिन युवा नेताहरू वि.पी. कोइराला, सुवर्णशमसेर, कृष्णप्रसाद भट्टराई, गणेशमान सिंह, गोपालप्रसाद भट्टराई, सरोजप्रसाद कोइराला, रुद्र गिरी, देवेन्द्रनारायण, फणेश्वर रेणुजस्ता थुप्रै युवाहरूसँग उनको समसामयिक सरोकारका विषयहरूमा छलफल–परामर्श हुन्थ्यो (वैद्य, २००१ : ८१) । काशीबाबु भारतीय स्वातन्त्रता संग्राममा अहिंसावादी आन्दोलनमा गान्धीवादी धाराबाट सक्रिय सहभागिता जनाइरहेका सचेत युवाहरूको अगुवाइमा थिए (तामाङ, २०५६ : १०९) । अन्तर्राष्ट्रिय राजनीतिमा उपनिवेशवाद एवं साम्राज्यवादको विरुद्धमा व्यापक आवाज उठिरहेको अवस्था थियो । साम्राज्यवादी मुलुकहरूले भारतको भूमिलाई आफ्नो चंगुलमा फसाइसकेका थिए । मुलुक र जनताको शोषण, दमन र सर्वपक्ष्रीय अवस्थामाथि अंग्रेजहरूको नियन्त्रण थियो । त्यसैको विरुद्धमा भारतीय स्वतन्त्रता संग्राम तीव्र गतिमा अगाडि बढिरहेको अवस्था थियो । भारतीय राष्ट्रिय कांग्रेस दल त्यसबेला शक्तिशाली संगठन मानिन्थ्यो । जवाहरलाल नेहरू, राजेन्द्रप्रसाद, महात्मा गान्धी, सुभाषचन्द्र वोस लगायतका शीर्ष नेताहरू भारतबाट अंग्रेजहरूलाई समुल रूपमा पलायन गराउन चाहन्थे (सुवेदी, अन्तर्वार्ता) । त्यसैले स्वराज्य प्राप्ति, विदेशी सामान बहिष्करण, स्वदेशी उत्पादनको प्रयुक्तता, सविनय अवज्ञा आन्दोलन, डाण्डी यात्रा, सावरमती मार्च पास्ट, सत्याग्रह, जेलभरो आन्दोलन, क्वीट इन्डिया मोभमेन्टजस्ता सशक्त विद्रोह चर्किरहेको थियो (रघुबंशी, कुलश्रेष्ठ र कश्यप, १९५६ : ११) । स्वामी विवेकानन्द, दयानन्द सरस्वती, एनी वेसेन्ट, परमहंश मिसन लगायतका सामाजिक, धार्मिक तथा गौरवमय सांस्कृतिक उत्थानमा समर्पित व्यक्ति तथा संस्थाहरू आप्mनै तरिकाले धर्म, संस्कृति तथा समाज सुधारका निमित्त कटिबद्ध थिए । गरम दल तथा नरम दलहरू आप्mनै तौरतरिकाबाट स्वराज प्राप्ति अभियानमा संलग्न थिए । आजाद हिन्द फौज, मुक्ति बाहिनी सैन्य शक्तिका रूपमा संगठित थियो (मजुमदार, राय चौधरी र दत्त, १९८१ : ३१९) । भगत सिंह हिंसात्मक तरिकाले अंग्रेजहरूलाई सत्ताच्युत गरी आप्mनो भूमिबाट निर्ममतापूर्वक लखेट्न चाहन्थे । यसरी भारतीय स्वतन्त्रता संग्राम दिनानुदिन चरम उत्कर्षमा पुगिरहेको अवस्था थियो (चटर्जी, १९८० : ११४) । काशीबाबुले यस आन्दोलनमा अहिंसात्मक मार्ग पक्रेका थिए । उनी र नेपाली समुदायका युवाहरूलाई उक्त आन्दोलनमा सक्रिय रूपमा सहभागी गराउन प्रयत्नशील थिए । यसको फलस्वरूप नेपालमा राणाकालीन सत्ताको पतन गराउन प्रशस्त भारतीय नवजवानहरूले मन, वचन र कर्मले साथ सहयोग र सक्रियता निर्वाह गरे (सिंह, २०४० : ८९) । भारतीय नवजवानहरूलाई नेपालको राणाविरोधी जनक्रान्तिमा सहभागिता जनाउन उत्प्रेरित गर्ने धीरोदात्त व्यक्ति काशीबाबु नै थिए । भारतबाट अंग्रेजहरूको पतन हुने वित्तिकै नेपालबाट राणाशासन समाप्त हुन्छ भन्ने अवधारणा अनुरूप उनले युवाहरूलाई त्यसतफ जागृत गराए (श्रीवास्तव, १९५६ : १३९) । उनको योजना सक्रियता र राष्ट्रिय जागरणको अभियानले राणाहरूलाई शताब्दीभन्दा लामो शासन व्यवस्था त्याग्नु पर्ने वाध्यात्मक स्थिति उत्पन्न भयो ।

**चेतना अभिवृद्धिमा पत्रपत्रिका र अखबारहरू**

भारतको भूमिबाट नेपाली, हिन्दी, उर्दू तथा अंग्रेजी भाषामा अनेक नामकरण भएका पत्रपत्रिकाहरू प्रकाशित हुन्थे। जनता, गोरखा, गोरखा संसार, वीर गोर्खाली, तरुण, युगवाणी, युगपुकार, फ्रि नेपाल, नवयुग, शारदा, युगधारा, वाणी, स्टेटमेन्ट, नवभारत टाइम्स, नवभारत, सन्डे टाइम्स, सन्डे एक्सप्रेस जस्ता थुप्रै पत्रपत्रिका, अखबार, न्युज, दैनिक, साप्ताहिक, पाक्षिक र मासिक रूपमा सम्पादन तथा प्रकाशन हुन्थे (अधिकारी, (शास्त्री), २०५८ : २०९)। सबैजसो पत्रपत्रिकाहरूले भारतबाट अंग्रेजहरूलाई लखेट्न र नेपालबाट राणाहरूलाई पदच्युद गरी वैधानिक राज्यशक्तिको प्रजातान्त्रिक प्रणाली स्थापना गर्न गराउन आप्mना प्राज्ञिक तथा राजनैतिक लेख रचनाहरू, अन्तर्वार्ता, विचार प्रदान समसामयिक दृष्टिकोण प्रवाह गरेर गोपनियताका साथ नेपालको भूमिमा रहेका कुनाकन्दरासम्म पुग्ने गरी पठाइन्थ्यो (गौतम, २०५५ : २५६)। कतिपय अखबारहरू दूरदराजमा छयाप्छयाप्ती पुग्दथे। भेदीचरहरूले राणाहरूको निकट पनि त्यस्ता पत्रपत्रिकाहरू पुर्‍याइदिन्थे। त्यसबाट सत्ताधारीहरू सच्चिनुको सट्टा झन विच्कन्थे र कडा नीति अख्तियार गरी सचेत युवाहरूलाई दवाउने चेष्टा गर्दथे। यद्यपि प्रकाशित ती कृतिका चेतनामूलक सामग्रीहरूमा सम्प्रेषित विचार, दृष्टिकोण, प्रेरणादायी भावना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएगरेका विद्रोहका आवाज, संस्थागत अभियान, विद्रोहका स्वरूप, जनताको सक्रियता, युवायुवतीहरूको सहअस्तित्व रक्षार्थ सामूहिक प्रयास, सत्तापक्षको दमन, धरपकड, हत्या लगायतका नृशंस कुकृत्यहरू पर्दाफास हुदै जाँदा जनतालाई आफ्नो मनबाट डर, भय तथा संशय त्यागेर राणाशासन समाप्त पार्न प्रोत्साहित गर्‍या। मुद्रित, प्रकाशित, हस्तलिखित, लिथोग्राफी गरिएका पर्चा, पम्प्लेटिङ तथा अखबारहरूले नेपाली जनताहरूलाई जागरणतफ अभिमुखीकरण गराउन यथेष्ट भूमिका खेल्यो (माथेमा, २०७३ : ३२७)। यसैको परिणामस्वरूप निरकुंशशासन व्यवस्था बालुवाको घरजस्तो गल्यामगुर्लुम ढल्यो (वैद्य, अन्तर्वार्ता)।

**हजारीवाग जेलजीवन र काशीबाबुको रुझान**

स्वराज्य प्राप्तिका लागि भारतमा छेडिएका विविध स्वरूपका संग्रामहरूको बहुआयामिक महत्व रहेको छ। Quit India movement द्वारा भारतमा अंग्रेजहरूको दिन गन्ति सुरु भइसकेको थियो (मित्तल, १९९८ : ४४०)। जेलभरो अभियानले बन्दीगृहमा पाइला राख्ने ठाउँ बचेको थिएन। अंग्रेजहरू कुनै पनि उपायबाट भारतमा सुरक्षित हुन मुस्किल पर्ने निष्कर्षमा पुगिसकेका थिए। त्यसैबेला अंग्रेज स्थानीय अधिकारीले महात्मा गान्धी, नेहरू, राजेन्द्रप्रसाद, विनोवाभावेलगायत काशीबाबु, शित्तलप्रसाद, सिब्बनलाल सक्सेना, शालीकराम शुक्लाजस्ता होनाहार युवाहरूलाई बन्दी बनाएर हजारीवाग जेलमा नजरबन्दमा राखिएको थियो (पराजुली, २०७८ : ४०–४१)। वि.पी. कोइराला समेतलाई त्यहाँ बन्दी बनाइएको थियो। लगभग ५ महिनासम्म भारतीय शीर्ष नेताहरू, वि.पी. तथा काशीबाबु एउटै बन्दीगृहमा नजरबन्द थिए (पोख्रल अन्तर्वार्ता)। उक्त समयको जेल जीवन काशीबाबुका लागि राजनैतिक ज्ञान बढाउने, पुष्टीकरण गर्ने, परिमार्जन र परिष्कार गर्ने काममा महत्त्वपूर्ण मद्दत पुग्यो। राष्ट्रियता, समाजवाद, प्रजातन्त्र, मौलिक अधिकार, कानुनी राज्यको स्थापना जस्ता सवालहरूमा शीर्ष नेताहरूका विचमा तर्कसंगत शास्त्रार्थ चल्थ्यो (मिश्र, १९८३ : २२७)। अहिंसात्मक र हिंसात्मक राजनीतिक विद्रोहका सवल र दुर्वल पक्षहरूमाथि बेजोडको वहस चल्थ्यो। काशीबाबुले भारतीय आन्दोलनले परिचालन गरेको स्वदेशी, शान्तिपूर्ण जनआन्दोलनको बलमा सत्तापक्षलाई पदच्युद नगरी नछोड्ने निष्कर्ष सुनाए। विश्वका प्रजातान्त्रिक अवधारणा र शान्तिपूर्ण अधिकारको हस्तान्तरण प्रजातन्त्र बहाली र पुष्टिकरणका पक्षमा अभिमत प्रकट गरेर समसामयिक राजनैतिक विषयमा आफ्ना दृष्टिकोणहरू निर्णयार्थ प्रस्तुत गर्दथे (अधिकारी, २०५८ : १६१)। वि.पी.ले काशीबाबुलाई तराईतर्फको मोर्चामा सक्रियता निर्वाह गर्ने कार्यविभाजनको अख्तियारी प्रदान गरे। नेहरू र गान्धीले आ–आफ्नो स्वीकीय सचिव पदमा बसेर कर्म गर्न काशीबाबुलाई सम्झाउन कोशिस गरे तर काशीबाबुले विदेशीको गुलाम हुनुभन्दा स्वदेशको स्वाभिमान रक्षार्थ प्रतिबद्ध हुने र त्यसतर्फ सक्रियतापूर्वक लागि पर्ने अभिमत जाहेर गरे।

काशीबाबुले के.आई. सिंहको नेतृत्वमा बनेको दलमा महासचिव भएर पनि आफ्नो क्षमता र निपूर्णता देखाए। भैरहवा, नौतनुवा, वेहलिया, रूपन्देही नवलपरासी, कपिलवस्तुलगायत तौलियाका ग्रामीण महत्वपूर्ण वस्तीहरूमा राजनैतिक क्रियाकलाप

तेज बनाए । कसोकसो गोलीको शिकार भएनन् (पंगेनी, २०५६ : ४५) । धन्य, उनको जीवनचोला जोगियो । डा. सिब्बनलाल सक्सेनाले उनलाई घचेडेर पर पुर्‍याएपछि उनी जोगिए भने सक्सेनाको खुट्टामा गोली लाग्यो । मुलतः काशीबाबुले भुइँ तहका मानिसहरूमा भएको विभेद, विपन्नता, गरिबीलगायतका सबालमा बहस चलाउँदै आय आर्जनका महत्त्वपूर्ण पहलुहरूमा ध्यान पुर्‍याउन पनि सुझाएका थिए ।

**काशीबाबुका उत्कृष्ट कृतिहरू**

नेपाली जनसमुदायलाई चेतना अभिवृद्धि गर्ने अभियानमा जुटेका काशीबाबु प्राज्ञिक एवं बौद्धिक व्यक्तित्व थिए । राजनीति उनको कर्मक्षेत्र थियो । मूर्धन्य इतिहासकारको लोकप्रिय छवि सँगसँगै उनको व्यक्तित्व बहुप्रचारित थियो । धर्म, संस्कृति तथा प्राचीन गौरवको रक्षा गर्न आप्mना लेखकीय साधनहरूद्वारा अग्रसर हुने र साधनारत रहने गर्दथे । नेपालकी कहानी, नेपालका इतिहास, आजादीको सपने, रुट अफ द डेमोक्रेसी, स्वर्गकी रानी, बन्द लिफाफा जस्ता महत्वपूर्ण कृतिद्वारा उनले आप्mना बहुआयामिक विचारहरू सम्प्रेषण गरेका छन् (मिश्र, अन्तर्वार्ता) । पत्रपत्रिकाका क्षेत्रबाट जनचेतना जगाउन राष्ट्रिय–अन्तर्राष्ट्रिय परिवेशहरूको दुरुस्त चित्रण गरेर आफ्ना दृष्टिकोण जनतासमक्ष पुर्‍याउन सदैव प्रयत्नशील हुन्थे (रियर र मार्टिन, १९९२ : २८१) । पर्चा, पम्प्लेाि‌टङ, हस्तलिखित लेख, लिथोग्राफी गरिएका रचनाहरू, अन्तर्वार्ता, जनआवाज, बुलेटिन, प्रवचन, सभा, सम्मेलनमा सम्प्रेषित विचार, दृष्टिकोणहरू, रोचक, घोचक, चेतनामूलक र सन्देशयुक्त हुन्थे । देशविदेशका मञ्चहरूमा अभिव्यक्त गरेका दृष्टिकोणहरूले उनलाई धीरोदात्त, कर्मयोगी, इमान्दार, दूरदर्शी, बौद्धिक राजनेता तथा इतिहासकारका रूपमा चरितार्थ गर्न सफल भएको देखिन्छ । हिमाल, पहाड तराईका सबै समुदायहरू उनको दृष्टिकोणबाट निकै प्रभावित हुन पुगे । अभियानमा सक्रियतापूर्वक जुट्न लालायित भए (श्रीवास्तव, १९८६ : १७१) । मधेसी जनसमुदायमा अझ बढी लोप्रियता थियो । श्रमिक, किसान, मजदुर वर्गका निमित्त उनी भाग्य विधाता बनेका थिए । भुई तहका विपन्न वर्गहरूको जीवनस्तर उकास्न उनले जमिनदारहरूलाई शोषण नगर्न र भाइचारा अभिवृद्धि गर्न समेत सुझाए (ओझा, अन्तर्वार्ता) । महिला वर्गको सहभागिताविना परिवर्तन असम्भव हुने पक्षमा वकालत गरे । परिणामत तराईका महिलाहरूले काशीबाबुको येजनालाई कार्यान्वयन गर्न दिलोज्यानले सघाए । सबै क्षेत्र र समुदायका महिला वर्गका निमित्त प्रेरणादायी सन्दर्भ बन्यो (सिंह, २०४० : २९) ।

काशीबाबु मधेस आन्दोलनका बौद्धिक अगुवा थिए । उनलाई छायाँ सरकारको प्रधानमन्त्री समेत बनाइएको थियो । उनका हरेक प्रवचन अभिव्यक्ति र विचार प्रस्तुतीकरण असाध्यै मर्मस्पर्शी हुन्थे । राणाहरूको निरंकुश सत्ता ढाल्न ती सम्प्रेषित विचार र दृष्टिकोणहरू अभियानका निमित्त अग्रदूतको भूमिकामा रहने गर्दथे (झा, अन्तर्वार्ता) । पछिल्ला दिनमा आम निर्वाचनका बेला तत्कालीन उम्मेद्वारहरूमध्ये काशीबाबुले रूपन्देही जिल्लाबाट निर्वाचित देशभरका सांसदहरूमध्ये सबैभन्दा बढी मत प्राप्त गरेर राष्ट्रिय राजनीतिमा लोकप्रिय छवि बनाउन सफल भए (पंगेनी, २०५६ : २७२) । सदनमा उठाएका सबाल र प्रस्तुत गरेका विचारहरू ज्यादै उत्कृष्ट र महत्त्वपूर्ण हुन्थ्यो । काशीबाबु अनुपस्थित भएको संसदको वैठक खल्लो हुने गर्दथ्यो । शुन्य समयमा किसुनजी (सभामुख) र काशीबाबु (सांसद) को नोकझोक पनि चल्ने गर्दथ्यो । दुवैजना बौद्धिक, कुटनैतिक, राजनीतिज्ञहरू थिए । यद्यपि इमान्दार छविका काशीबाबु नेपालको राजनीतिमा नियोजित रूपमा ओझेलमा पारिए (गौतम, अन्तर्वार्ता) । लाभ प्राप्त गर्ने उद्देश्यले उनले राजनीतिलाई कर्मक्षेत्र बनाएका थिएनन् । राजनतिमा लागेकै कारण लुम्बिनी शान्तिदीप प्रज्वलित भइरहने ठाउँको वरिपरिको १८ विगाहा जमिन राज्यले विना मुआब्जा कब्जा गर्‍यो । यद्यपि उक्त जमिन परिषद्को अधिनभित्रै रहेको छ । उक्त जमिनको क्षतिपूर्ति, मुआब्जा अहिलेसम्म पनि फिर्ता भएको छैन । उनका परिवारका सदस्यहरूले त्यसको उपयोग गर्न पाएका छैनन् । शान्तिका अग्रदूत बुद्ध जन्मेको स्थानमा अन्यायपूर्ण यो दृष्टान्त युक्तिसंगत, तर्कसंगत, वैधानिक र न्यायपूर्ण देखिँदैन । इमान्दार राजनीतिज्ञहरू राष्ट्रिय राजनीतिबाट कसरी शोषित, पीडित हुन पुग्छन् र ओझेलमा पारिँदै लगिन्छ भन्ने कुरालाई लुम्बिनीको जमिन अतिक्रमणको दृष्टान्तले चोटिलो उदाहरण प्रस्तुत गर्दछ ।

**उपसंहार**

काशीबाबु राजनीतिज्ञ मात्र थिएनन, उनी एक प्रसिद्ध इतिहासकार पनि थिए । उनले लेखेका कृतिहरू अहिले पनि खोजीको विषय बनेको देखिन्छ । नेपाल–भारत मैत्रीभावको सुमधुर सम्बन्धबाट विकासको गति समाप्त सकिने पक्षमा उनको दृढ विश्वास थियो । समदूरीमा अन्तर्राष्ट्रिय शक्तिशाली छिमेकी देशहरूसँग कुटनैतिक सम्बन्ध कायम गरी पञ्चशीलको सिद्धान्त र असंलग्न परराष्ट्र नीतिद्वारा मुलुकको वृहत्तर हितलाई सर्वोपरि ठान्ने उनको दृष्टिकोण थियो । राष्ट्रिय स्वाभिमान, स्वतन्त्रता, सार्वभौमसत्ता सम्पन्नता, प्रजातन्त्र, समाजवाद, मौलिक अधिकार, कानुनी राज्य र विश्वव्यापी भाइचाराका लागि उनले प्रस्तुत गरेका विचारप्रधान अवधारणाहरू अविष्मरणीय छन् । "भारतको गौरव दोहन गर्ने अंग्रेजहरू र नेपालको वैभव तहसनहस पार्ने राणा खलकहरूलाई समान स्तरका निरकुंश र अधिनायकवादी वर्ग ठान्दथे । भारतलाई आफ्नो चंगुलमा पार्ने अंग्रेजहरू रुख समान हुन भने त्यसैको आडमा लहरिएर तथाकथित सक्षम बनेका राणाहरू रुखमा बेरिएर खडा भएका पाङ्ग्राको लहरा हुन् । अंग्रेजरूपी रुख ढलेपछि पाङ्ग्राको लहरो भुईंमा स्वतः बजि्रन्छ र लत्रिन्छ" भनेर "पहिले भारतबाट अंग्रेजहरूलाई लखेटौँ अनि नेपालका राणाहरू आफ्नै पतनोन्मुख हुन्छन्" भन्ने उनको दृढ निश्चय थियो । उक्त धारणा अनुसार नै निष्कर्ष पनि निस्कियो ।

भारत तथा नेपालका समकालीन शीर्ष नेताहरूमा काशीबाबु सबैसँग समदूरीको सद्भाव राख्ने समन्वयवादी धारका इमान्दार व्यक्ति थिए । उनको व्यक्तित्व र कृतित्वको खुलेर प्रशंसा हुने गर्दथ्यो । गान्धी, करपात्री, राहुल, सांकृत्यायन, नेहरू, राजेन्द्रप्रसाद, वि.पी., गणेशमान, किसनजी, महेन्द्रनारायण निधि सुवर्णशमसेर, सरोजप्रसाद कोइराला जस्ता बहुआयामिक दूरदृष्टिवाला नेताहरूले काशीबाबुको राजनीतिक परिपक्वतालाई खुलेर प्रशंसा गर्दथे । जनजागरणकै दूरगामी पारिणामका कारण परिवर्तित स्वरूप उत्पन्न भएको सन्दर्भमा काशीबाबुलाई शीर्ष नेताहरूले जश दिने गर्दथे । गान्धी, राजेन्द्रप्रसाद तथा नेहरूले त उनलाई आपmनो स्वकीय सचिव बन्न पटकपटक अनुरोध पनि गरेका थिए । यद्यपि काशीबाबु कुनै जागिरमा सीमित हुने राजनेता थिएनन् । नेपालको भाग्य बदल्न र जनतालाई समृद्ध तुल्याउन उनले संकल्प गरेका थिए । त्यही अनुरूप प्रतिबद्धताका साथ कामहरू पनि गर्न चाहन्थे । जनतालाई सार्वभौम बनाउने पक्षमा उनको मनोनुकूल आकांक्षा थियो ।

काशीबाबु प्रखर वक्ता त छँदै थिए, सिद्धहस्त लेखक, इमान्दार राजनीतिज्ञ, राष्ट्रवादी इतिहासकार, धीरोदत्त देशभक्त, कुशल अभियानकर्मी, कुशल संगठक, बहुल राष्ट्रबिचको सौहार्दपूर्ण र मैत्रीपूर्ण सम्बन्ध कायम गर्न चाहने दूरदर्शी राजनेता पनि थिए । देशको प्रतिष्ठा शीरमा राखेर प्रजातन्तको सुन्दर सुदिन देख्न रुचाउने, दीनदुःखीका हित चिन्तक, भूईँहका वर्गको उत्थान, श्रमिकहरूको हकअधिकारको रक्षक बनेर त्यही आकांक्षालाई कार्यान्वयन गर्ने पक्षमा दृढनिश्चयका साथ इमान्दारितापूर्ण प्रयत्न गर्दथे । यसअर्थमा काशीबाबु जनजागरण अभियानका अग्रदूत मानिन्छन् ।

**सन्दर्भ सामग्रीसूची**

**प्राथमिक स्रोत**


ओझा, मीनासँग मिति २०७८ चैत्र १२ गते, पाटन क्याम्पसमा लिएको अन्तर्वार्ताअनुसार । प्रा.डा. ओझा सेवानिवृत्त प्राध्यापक हुनुहुन्छ । उहाँ लेखक, इतिहासकार, अनुसन्धाता हुनुका साथै नेपाल इतिहास संघका पूर्व कोषाध्यक्ष हुनुहुन्छ ।

गौतम, बद्रिनारायणसँग मिति २०७८ फागुन १० गते, इतिहास केन्द्रीय विभागमा लिएको अन्तर्वार्ताअनुसार । प्राध्यापक डा. गौतम लेखक, अनुसन्धाता, नेपालको प्रजातान्त्रिक आन्दोलनका विज्ञ हुनुका साथै इतिहास केन्द्रीय विभागमा कार्यरत हुनुहुन्छ ।

झा, गोविन्दनारायणसँग मिति २०७८ माघ १३ गते लिएको अन्तर्वार्ताअनुसार । प्रा.डा. झा सेवानिवृत्त प्राध्यापक हुनुहुन्छ । उहाँ लेखक, इतिहासकार, अनुसन्धाता हुनुका साथै पाटन संयुक्त क्याम्पसको पूर्व सहायक क्याम्पस प्रमुख तथा प्राध्यापक संघका पूर्व सभापति हुनुहुन्छ ।

ढकाल, विमलकुमारसँग मिति २०७८ चैत्र २ गते आर.आर. क्याम्पसमा लिएको अन्तर्वार्ताअनुसार । डा. ढकाल अवकास प्राप्त प्राध्यापक, लुम्बिनी विकास कोषका पूर्व सदस्य–सचिव, नेपाल इतिहास संघका पूर्व महासचिव र सेवा निवृत्त प्राध्यापकहरूको सञ्जालका वर्तमान अध्यक्ष हुनुहुन्छ ।

पोखरेल, शोभासँग मिति २०७८ पौष १६ गते लिएको अन्तर्वार्ताअनुसार । प्रा.डा. पोखरेल लेखक, अनुसन्धाता, साहित्यकार हुनुका साथै सेवानिवृत्त प्राध्यापक एवं त्रि.वि. पुनरावेदन आयोगका पूर्व सदस्य हुनुहुन्छ ।

मिश्र, विजयप्रसादसँग मिति २०७९ बैशाख ४ गते विभागमा लिएको अन्तर्वार्ताअनुसार । डा. मिश्र लेखक, इतिहासकार, अनुसन्धाताका साथै त्रि.वि.मा कार्यरत इतिहास विषयका सहप्राध्यापक हुनुहुन्छ । उहाँ पत्रकारिता क्षेत्रका एक वरिष्ठ प्रशिक्षक मानिनुहुन्छ । मधेश आन्दोलनमा उहाँले विद्यावारिधि उपाधि प्राप्त गर्नुभएको हो ।

वैद्य, तुलसीरामसँग मिति २०७९ बैशाख १ गते भेटघाटका क्रममा भएको छलफलअनुसार । प्रा.डा. वैद्य मेरा गुरु र विद्यावारिधिका मुख्य शोधनिर्देशक, लेखक, इतिहासकार, अनुसन्धाता, लुम्बिनी बौद्ध विश्वविद्यालयका पूर्व उपकूलपति त्रि.वि.का पूर्व डिन, नेपाल इतिहास संघका पूर्व अध्यक्ष लगायतका क्षेत्रका बहुआयामिक व्यक्तित्व मानिनु हुन्छ ।

सुवेदी, राजारामसँग मिति २०७८ फागुन २५ गते कीर्तिपुरमा लिएको अन्तर्वार्ताअनुसार । प्रा.डा. सुवेदी सेवानिवृत्त प्राध्यापक, लेखक, अनुसन्धाता, इतिहासकार हुनुका साथै लेखकका गुरु र विद्यावारिधिका विषयविज्ञ पनि हुनुहुन्छ ।

**सहायक स्रोतहरू**

अधिकारी, सूर्यमणी, (१९८८ ई.), नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास, नयाँदिल्ली : निराला पब्लिकेसन्स् ।

अधिकारी (शास्त्री), हेमराज, (वि.सं. २०५८), आजको नेपाल, काठमाडौँ : श्रीमती चन्द्रकला अधिकारी ।

चटर्जी, भोला, (१९८० ई), प्यालेस, पिपोल एण्ड पोलिटिक्स इन नेपाल, न्यूदिल्ली : अंकुर पब्लिकेसन्स् ।

जोशी, रामहरि, (वि.सं. २०४८), नेपालको नोभेम्बर क्रान्ति, काठमाडौँ : अन्तर्राष्ट्रिय मञ्च ।

गुप्ता, अनिरुद्ध (१९९३ ई.), पोलिटिक्स इन नेपाल, १९५०–१९६०, दोस्रो संस्करण, दिल्ली : कलिङ पब्लिसिङ हाउस ।

गौतम, बद्रिनारायण, (वि.सं. २०७४), गणेशमान सिंह र नेपालको प्रजातान्त्रिक आन्दोलन, (१९७२–२००७), काठमाडौँ : गणेशमान फाउण्डेशन ।

=== (वि.सं. २०७८), नेपाली कांग्रेस र प्रतिरोध आन्दोलन, २०२५–२०३१, काठमाडौँ : सिनास, त्रि.वि. ।

गौतम, राजेश, (वि.सं. २०५५), नेपालको प्रजातान्त्रिक आन्दोलन र नेपाली कांग्रेस, काठमाडौँ : श्रीराम श्रेष्ठ, कृष्णमुरारी अधिकारी ।

देवकोटा, गृष्मबहादुर, (वि.सं. २०१६), नेपालको राजनीतिक दर्पण, भाग–१, काठमाडौँ : केशवचन्द्र गौतम ।

तामाङ, श्यामकुमार, (वि.सं. २०५६), जनमुक्ति सेना एउटा नलेखिएको इतिहास, काठमाडौँ : एकता प्रकाशन ।

पराजुली, जगतप्रसाद, (वि.सं. २०७८), इतिहास दर्शन (फिलोसफी अफ हिस्ट्री), काठमाडौँ : शब्दार्थ प्रकाशन ।

===, (वि.सं. २०७८), नेपालको प्रजातान्त्रिक आन्दोलनमा काशीप्रसाद श्रीवास्तवको योगदान (पूर्वार्धचरण वि.सं. १९८१–२००७), काठमाडौँ : शब्दार्थ प्रकाशन ।

====, (वि.सं. २०७८), सामाजिक विज्ञानमा अनुसन्धान पद्धति (रिसर्च मेथोडोलोजी इन सोसल साइन्सेस्), काठमाडौँ : श्रृंखला मासिक नेपाली साहित्यिक ।

पंगेनी, भवेश्वर, (वि.सं. २०५६), डा. के.आइ. सिंह र नेपालको राजनीति (२००७–२०१५), दिल्ली : अड्रोइट पब्लिसर्स ।

प्रधान, भुवनलाल, (वि.सं. २०४७), नेपालको जनक्रान्ति–२००७, काठमाडौँ : रमु प्रकाशन ।

मजुमदार, राय चौधरी र दत्त, (१९८१ ई), भारतका वृहत इतिहास, तृतीय संस्करण, न्यूदिल्ली : म्याकमिलन इन्डिया लि. ।

माथेमा, दयारामभक्त, (वि.सं. २०७३), अनुभव र अनुभूति जीवनयात्राका ऐतिहासिक मोड, काठमाडौँ : दया फाउण्डेशन ।

मिश्र, जगन्नाथ, (१९८३ ई.), आधुनिक भारतका इतिहास, लखनउ : विरोधचन्द्र पाण्डेय ।

राघुवंशी, वि.पि. एस., कुलश्रेष्ठ, कृष्णकुमार, कश्यप, श्रीप्रकाश, (१९२६ ई), राष्ट्रिय आन्दोलन तथा भारतका संविधान, आग्रा : रतनप्रकाश मन्दिर ।

रियर, विलियम र हप्टन, मार्टिन, (१९९२ ई.), स्प्रिङ अवेकेनिङ्ग, न्यूदिल्ली : प्याङगुइन बुक्स इन्डिया ।

वाटरफिल्ड, (१९६१ ई.), इन्टरप्रिटेसन अफ हिस्ट्री, न्यूयोर्क : म्याकमिलन कम्पनी ।

वाल्स, (१९६७ ई.), एन इन्ट्रोडक्सन टु द फिलोसफी अफ हिस्ट्री, लण्डन : अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

वैद्य, रत्नकमल (२००१ ई.), नेपाल इन पोलिटिकल क्राइसिस, काठमाडौँ : सिस्टोमेटिक प्रिन्टङ्ग प्रेस ।

श्रीवास्तव, काशीप्रसाद, (१९५६ ई.), नेपालको कहानी, नयी दिल्ली : आत्माराम एण्ड सन्स् ।

सिंह, मोहनविक्रम, (वि.सं. २०६६), नेपालको राष्ट्रियता : विगत, वर्तमान र भविष्य, काठमाडौँ : जनस्रष्टा प्रकाशन गृह ।

स्टर्न, ए., (१९८१ ई), भेराइटिज अफ हिस्ट्री, लण्डन : नेसनल पब्लिसिङ हाउस ।